

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ १८ गते शुक्रबार ❑ 31 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गण्डकी प्रदेशको बजेटको प्राथमिकतामा पर्यटन र उद्यमशीलता

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटको सिद्धान्त र प्राथमिकतामा कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य तथा उद्यमशीलतालाई जोड दिएको छ।

गण्डकी प्रदेशसभाको आजको बैठकमा आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले विनियोजन बजेट तथा कायक्रमको सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, सीपमूलक तथा उद्यमशीलतालाई मुख्य प्राथमिकतामा राखिएको बताउनुभयो । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने, व्यावसायिक कृषि प्रणालीको विकास, पोखरा पर्यटकीय राजधानी घोषणा भएसँगै गण्डकी प्रदेशलाई पर्यटकीय प्रदेशका रुपमा प्रवर्द्धन गर्ने उहाँले बताउनुभयो। दिगो पर्यटन विकास, विद्यालय विकास तथा शैक्षिक सुधार कार्यक्रम, उद्यमी युवा, सीपमूलक मानव पुँजी निर्माणजस्ता कार्यक्रमलाई प्रथमिकतामा राखिएको छ।

त्यस्तै सङ्घीयताको सवलीकरण गर्न सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्थित्व र समन्वयमा आधारित स्थापित सम्बन्धलाई थप प्रभावकारिता, सन्तुलित क्षेत्रगत विकास, सामाजिक विकास र समानतामूलक समाजको स्थापना, दिगो विकास र वातावरण संरक्षण, सुशासन प्रवर्द्धन र सेवा प्रवाहमा सुधारजस्ता कार्यक्रम ल्याइने जनाइएको छ। सुदृढ अर्थतन्त्र, प्रभावकारी आर्थिक नीति, दिगो वन व्यवस्थापनसँगै आयआर्जन, सूचना प्रविधिको विकास, खानेपानी, उज्यालो प्रदेश, सिँचाइ, सामाजिक सुरक्षा, खेलकुद, लैङ्गिक समानतालाई पनि प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो । जलवायु परिवर्तन प्रभावलाई न्यूनीकरण गर्न विशेष कार्यक्रम ल्याउनुका साथै प्रदेशसभाको भवन निर्माण, शान्तिसुरक्षाका साथै विपद् व्यवस्थापनमा जोड दिइएको छ। सिद्धान्त प्राथमिकता सम्बन्धमा भएको छलफलमा प्रदेशसभा सदस्य जीतप्रसाद आलेले युवालाई विदेश जानबाट रोक्न युवालक्षित कार्यक्रम ल्याउन जोड दिँदै उद्यमशीलतामा बजेट बढी छुट्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो । प्रदेशसभा सदस्य गणेशमान गुरुङले गण्डकी प्रदेशको सन्तुलित विकास गर्न शिक्षा, स्वास्थ्य र विपन्न वर्गको आयस्रोत वृद्धि गर्ने कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो । प्रदेशसभा सदस्य फणिन्द्र देवकोटाले गण्डकी प्रदेशका जनतालाई प्राथमिकतामा राखेर उनीहरुको हितमा बजेट ल्याउनुपर्नेमा जोड दिनुभयो । स्थायी सरकार नबनेसम्म जनताले विकास पाउन नसक्ने उहाँको भनाइ छ । प्रदेशसभा सदस्य भोजराज न्यौपानेले प्रजातन्त्रको पुनःस्थापना भएको ३४ वर्ष बितिसक्दा पनि हामीले जनताको चाहनालाई पूरा गर्न नसकेको बताउँदै सरकारले आफ्नो कार्यशैलीमा परिवर्तन गर्न जरुरी रहेको बताउनुभयो ।

## विकासको मूल प्रवाहीकरणमा महिलाको उपस्थिति आवश्यकः प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ



गण्डकी प्रदेशका प्रमुख डिल्ली राज भट्टले पुरुषजत्तिकै महिलाको सहभागिता र प्रतिनिधित्वले मात्र लोककल्याणकारी राज्य स्थापना हुने बताउनुभएको छ । उहाँले विकासको मूल प्रवाहीकरणमा महिलाको उपस्थिति अत्यन्त आवश्यक रहने उल्लेख गर्नुभयो।

३५ वर्ष अघि स्थापित पोखरा लेडी जेसीजको साताव्यापी कार्यक्रम जेसीज सप्ताहको समुद्घाटन समारोहका प्रमुख अतिथि भट्टले जेसीजले लैङ्गिक मुद्धालाई पनि ध्यानमा राखेर अघि बढेकोमा खुशी व्यक्त गर्नुभयो। 'घर, परिवार, समाज र राष्ट्रलाई रूपान्तरण गरी लोककल्याणकारी राज्य स्थापनार्थ महिला र पुरुषको समान सहभागिता एवं प्रतिनिधित्व अपरिहार्य छ ।' उहाँले भन्नुभयो - 'विकासको मूल प्रवाहीकरणमा महिलाको उपस्थिति आवश्यक छ । राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रको सन्तुलित विकासका लागि पनि महिलालाई नेतृत्व तहमा लैजानुपर्दछ ।' लेडी जेसीज जस्ता सामाजिक संस्थाले महिलाहरूको नेतृत्व र क्षमतासँगै चेतना विकासमा सहयोग पुगेको प्रदेश प्रमुख भट्टको भनाई छ । उहाँले थप्नुभयो - 'नेतृत्वदायी भूमिकामा महिला सहभागिता बढाउन पनि यसले साथ दिएको छ। लाखौँ युवाहरुको व्यक्तित्व र नेतृत्व विकाससँगै देश निर्माणमा योगदान गर्दै आएको छ ।' जेसीज १८ देखि ४० बर्ष सम्मका जवान युवाहरुको नेतृत्व क्षमताको विकास गर्ने विश्वव्यापी संस्था रहेको र तालिमको विश्वविद्यालयको रुपमा पनि चिनिने यस संस्थाले युवा सशक्तिकरण गर्दै समाजमा सकारात्मक परिवर्तन ल्याएको प्रदेश प्रमुख भट्टको ठम्याई छ । 'सक्षम नागरिकको उत्पादन हुन सकेमा समाज र सिंगो राष्ट्रको विकास हुनेछ। असल र क्षमतावान व्यक्तित्वले मात्र मुलुकलाई सही नेतृत्व दिन सक्छ । यस्ता नेतृत्व निर्माणमा जेसीज जस्ता संस्थाको महत्वपूर्ण हात रहेको छ ।' - उहाँले भन्नुभयो । सकारात्मक सोच र रचनात्मक काम गर्ने जेसीज सहर केन्द्रित मात्रै नभएर ग्रामीण क्षेत्रतिर पनि फैलन आवश्यक रहेको प्रदेश प्रमुख भट्टको सुझाव छ । लेडी जेसीजले सात दिनसम्म मनाउन लागेको अभिभावक अभिमूखीकरण तथा सचेतना कार्यक्रम, वृहत निःशुल्क स्वास्थ्य शिविर, महिलाका लागि साइबर अपराधसम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि तालिम, उद्यमशीलता सौन्दर्यतासँगै खानपान सम्बन्धी तालिम, वृक्षारोपण र सरसफाई कार्यक्रमको शुभकामना पनि उहाँले दिनुभयो। पोखरा लेडी जेसीजकी अध्यक्ष गायत्री फुयाँल लगायतले कार्यक्रममा बोल्नुभएको थियो।

## 'समृद्ध प्रदेशः सुखी प्रदेशवासी' प्रतिको कटाक्ष स्वीकार्य हुँदैन : अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ




नेकपा (एमाले) गण्डकी प्रदेश संसदीय दलका नेता तथा गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले 'समृद्ध प्रदेशः सुखी प्रदेशवासी' प्रति कटाक्ष गरेर सत्तापक्ष अगाडि बढ्छ भने आफूहरुलाई किमार्थ स्वीकार्य नहुने बताउनुभएको छ।

बिहीबार गण्डकी प्रदेश सभाको बैठकमा बोल्दै उहाँले सरकार बदलिँदा अघिल्लो सरकारका राम्रा कामलाई निरन्तरता नदिने गरेकोमा असन्तुष्टि जनाउनुभयो । 'नव उदारवादी अर्थतन्त्रको नाममा गरिबी बढाउने, केही मुठीभर मानिस धनी हुने, प्रदेश त्यसको मतियार बन्ने हो भने किमार्थ प्रतिपक्षलाई स्वीकार हुँदैन' उहाँले भन्नुभयो । यसपालीको बजेट सबै दल मिलेर पास गर्नुपर्ने अवस्थामा रहेको उहाँले बताउनुभयो। त्यसकुरालाई ध्यान नदिई एकपक्षीय रुपमा सत्तापक्ष जाने हो भने के गर्ने भन्नेबारे सल्लाह गरेर निर्णय गर्ने खुलाउनुभयो । 'अहिलेका मुख्यमन्त्रीले भनेजस्तो हामी २७ जना छौं देखाइदिन्छौ भन्ने पक्षमा छैन, कस्लाई देखाउने? जनता हाम्रो अगाडि छन् निमुखा छन् बाटो बनेको छैन, पूल बनेको छैन, बेरोजगारी हटेको छैन, औद्योगीक क्षेत्र निर्माण भएका छैनन्, वित्तीय समानिकरण अनुदानमा चुनौती आइरहेको छ कस्लाई देखाइदिने?' उहाँले भन्नुभयो 'म त्यत्रो धम्कीपूर्ण भाषा भन्न सक्ने हैसियतमा छैन, म गर्दिन पनि' उहाँले खुलाउनुभयो।

अघिल्लो वर्षको बजेट ल्याउँदा एमालेले जितेको क्षेत्रमा ताकि-ताकि बजेट काटेको आरोप उहाँको थियो । 'अघिल्लो पटक बडा सन्तुलित अर्थमन्त्रीले ल्याएको बजेट छानी-छानी एमालेमाथि, अझ विशेषत विपक्षी दलको नेताको ठाउँमा नपार्ने भनेर सपथ खाएको त होइन होला, तर पऱ्यो त्यस्तो कसरी हो, म तपाईहरुलाई केही भन्दिन, तर बजेट ल्याउदा त्यसरी ताकि-ताकि ल्याउनु भयो भने मलाई ताक्नुहोला अरुलाई नताक्नुहोला' चेतावनी शैलीमा उहाँले भन्नुभयो।

एमाले स्थायी कमिटी सदस्य समेत रहनुभएका अधिकारीले करको दर नभएर करको दायरा बढाउन समेत आग्रह गर्नुभएको छ । करको दायरा बढाउन सके आन्तरिक राजश्व बढ्ने दावी उहाँको छ । 'करको दर होइन दायरा बढाउने र करको क्षेत्रमा ल्याउने काम गरौं, कम्तीमा तीन तारेसम्मका होटलमा हामी जाने र स्थानीय रिसोर्टहरु स्थानीय तहलाई दिने गरी जान सकियो भने आन्तरिक राजश्व बढ्छ' उहाँको भनाई थियो। हामी हाम्रा निष्ठा विश्वासप्रति कटिबद्ध छौं, त्यो हाम्रो सार्वभौम अधिकार हो। तर, हाम्रा साझा कुराहरु पनि छन् । त्यसतर्फ ध्यान दियौँ भने हाम्रो प्रदेशलाई बलियो र सुदृढ बनाउन सक्छौ। पर्यटनको क्षेत्रमा नयाँ पदमार्ग खोल्ने, हिमालय क्षेत्रमा लुकेका पदमार्गलाई अगाडि बढाउनुपर्ने उहाँको तर्क थियो।

पोखरा पर्यटनको राजधानी घोषणा गर्दाको गाइडलाइन अनुसार पूर्वाधार विकास गर्न, २४ सैं घण्टा खोल्न, सुशासन शान्ति सुरक्षा प्रदान गर्न लगानी कति हुन्छ बजेटको सिद्धान्त र प्राथमिकता बनाउँदा ध्यान दिनुपर्ने बताउनुभयो। प्रकृति र संस्कृतिलाई साथमा लिएर यहाँको पर्यटनलाई अगाडि बढाउनुपर्नेछ । जलवायू परिवर्तनले पारेको असरको समाधान गर्नेतर्फ ध्यान दिनुपर्नेछ। यसका अलावा जनसांख्यिक लाभ लिँदै उद्यमशिलतातर्फ लगरे स्वरोजगार सिर्जना गर्नेतर्फ जानुपर्ने खुलाउनुभयो । पछिल्लो समयमा चुनौतीको रुपमा देखिएको जंगली जनावर र मानवबीचको द्धन्द व्यवस्थापन तर्फ समेत प्रदेशले उतिकै ध्यान दिनुपर्ने अधिकारीले बताउनुभयो।

## कास्की काँग्रेसको प्रशिक्षण सप्ताह

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

नेपाली काँग्रेस कास्कीको प्रशिक्षण सप्ताह आजदेखि शुरु भएको छ।

सप्ताह २३ गतेसम्म चल्ने छ। सातै दिन बेग्लाबेग्लै समूहमा प्रशिक्षण दिइने छ । सप्ताहको पहिलो दिन जिल्ला कार्यसमितिका पदाधिकारी एवं सदस्य, प्रतिनिधि सभा निर्वाचन क्षेत्र, प्रदेश सभा निर्वाचन क्षेत्र, पोखरा महानगरपालिका, रुपा गाउँपालिका, मादी गाउँपालिका, अन्नपूर्ण गाउँपालिका र माछापूच्छ्रे गाउँपालिकाका पदाधिकारीलाई प्रशिक्षण दिइएको नेपाली काँग्रेस कास्कीका सहसचिव एवं कार्यक्रम संयोजक नवीन सिग्देलले जानकारी दिनुभयो । सातै दिनको प्रमुख प्रशिक्षकमा वरिष्ठ प्रशिक्षक पुरुषोत्तम दाहाल र प्रशिक्षकमा कास्की काँग्रेसका सभापति किशोरदत्त बराल रहनु हुनेछ । नेपाली काँग्रेस प्रशिक्षण शाखाका प्रमुख एवं कास्की काँग्रेसका उपसभापति रामबाबु भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा कास्की काँग्रेसकी सदस्य तारादेवी गुरुङ, डिएलए कास्कीका अध्यक्ष कपिलमणी दाहाल, नेता होम बहादुर बाँनिया र नेतृ रामकुमारी पौडेलले बोल्नुभएको थियो।

## प्रदेश प्रमुखसमक्ष महालेखा परीक्षकको छैटौं वार्षिक प्रतिवेदन पेस

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले राज्यका सबै क्षेत्रमा आर्थिक अनुशासन अपरिहार्य रहेको बताउनुभएको छ। उहाँले आर्थिक अनुशासन कायम गर्नका लागि सबै तह उत्तिकै जिम्मेवार बन्नुपर्नेमा पनि जोड दिनुभयो।

महालेखा परीक्षकको छैटौं वार्षिक प्रतिवेदन ग्रहण गर्नुहुँदै प्रदेश प्रमुख भट्टले यस्तो बताउनुभएको हो । नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम महालेखा परीक्षकको कार्यालयका नायव महालेखापरीक्षक जयराम घिमिरेले प्रतिवेदन प्रदेश प्रमुखलाई पेश गर्नुभएको हो।

प्रतिवेदन ग्रहण गर्नुहुँदै प्रदेश प्रमुख भट्टले प्रतिवेदनको अध्ययन गरी प्रदेशमा आर्थिक सुशासन कायम गर्नका लागि प्रदेश सरकारलाई सुझाव दिने बताउनुभयो । उहाँले गण्डकी प्रदेशसभाले यस प्रतिवेदनमाथि छलफल गर्ने पनि जनाउनुभयो। उहाँले बेरुजु रकमलाई जति कम बनाउन सकिन्छ उति नै आर्थिक समृद्धि हाँसिल हुने उल्लेख गर्नुभयो । बेरुजु फछ्र्योटका सन्दर्भमा प्रतिवेदनले उल्लेख गरेकाविषयवस्तुलाईकार्ययोजनासहित कार्यान्वयनको खाँचो पनि उहाँले औंल्याउनुभयो।

नायव महालेखापरीक्षक घिमिरेले महालेखाले क्षेत्रगत रुपमा औंल्याएका विषयलाई इमान्दार भएर कार्यान्वयन गरेको खण्डमा बेरुजु न्यूनिकरण हुने बताउनुभयो । उहाँले आर्थिक अनुशासन कायम गर्न पनि बेरुजु फछ्र्योटमा गम्भिर बन्नुपर्ने उल्लेख गर्नुभयो।

कार्यक्रममा प्रदेश प्रमुखको कार्यालयका सचिव सेवन्त राज दाहाल, महालेखा परीक्षकको कार्यालयकानिर्देशक बुद्धिराजबसेललगायतसहभागी हुनुहुन्थ्यो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विद्यालयस्तरीय बास्केटबलमा विन्ध्यश्वरी आदर्श र राष्ट्रिय मावि उपाधिका लागि भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

पोखरा महानगरपालिका वडा नम्बर १ विद्यालयस्तरीय बास्केटबल प्रतियोगिताको फाइनलमा विन्ध्यश्वरी आदर्श बोर्डिङ स्कुल र राष्ट्रिय मावि प्रवेश गरेको छ।

पोखरा महानगरपालिका १ खेलकुद विकास समितिको आयोजनामा टुडिखेलमा जारी विद्यालयस्तरीय छात्रातर्फ विन्ध्यश्वरी आदर्श र राष्ट्रिय मावि उपाधि नजिक पुगेको हो।

टुडिखेलको बास्केटबल कोर्टमा बिहीबार भएको पहिलो सेमिफाइनल खेलमा विन्ध्यश्वरीले करुणानिधी एजुकेशन फाउण्डेशन (केफ)लाई पराजित गर्दै विन्ध्यश्वरी फाइनलमा प्रवेश गरेको आयोजक संस्थाका सचिव अनिश गुरुङले जानकारी दिए। उनका अनुसार दोस्रो सेमिफाइनलमा राष्ट्रिय माविले पोखरा आदर्श माविलाई हराउँदै फाइनलमा विन्ध्यश्वरीसँगको भेट पक्का गर्यो। अब उपाधिका लागि विन्ध्यश्वरी आदर्श बोर्डिङ र राष्ट्रिय मावि शनिबार भिड्नेछन्। यस्तै पुरुषतर्फ भने सेमिफाइनलको समिकरणमात्र पूरा भएको संस्थाका अध्यक्ष विष्णु गुरुङले जानकारी दिए।

उनका अनुसार यही शनिबार स्पाइरल ग्यालेक्सी मावि र पोखरा आदर्श माविबीच पहिलो समिफाइनल खेल हुनेछ भने दोस्रो सेमिफाइन राष्ट्रिय मावि र करुणानिधी एजुकेशन फाउण्डेशन (केफ)बीच प्रतिस्पर्धा हुनेछ। सो प्रतियोगितामा छात्रतर्फ विजेता टिमले नगद रु १५ हजार, रनिङ शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले नगद रु १० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्नेछ।

यस्तै सान्त्वना स्थान हाँसिल गर्ने टिमलाई नगद रु ५ हजार, शिल्ड, मेडल तथा प्रमाणपत्रद्वारा पुरस्कृत गरिने अध्यक्ष गुरुङले जानकारी दिए। उनका अनुसार छात्रातर्फ प्रथम, द्वित्तीय र तृतीय हुने टिमलाई क्रमश नगद रु १२ हजार, १० हजार र ८ हजारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ। छात्र तथा छात्रा दुवै विधामा सर्वोत्कृष्ट हुने खेलाडीलाई आकर्षक ट्रफिद्वारा पुरस्कृत गरिने अध्यक्ष गुरुङले बताए।

गुरुङका अनुसार सो प्रतियोगितामा कुल १३ वटा विद्यालयबाट छात्रातर्फ ४ टिमको सहभागिता रहेको छ भने छात्रतर्फ ८ टिमको सहभागिता रहेको छ।

शनिबार विहान विद्यालयस्तरी छात्र तथा छात्रा दौड प्रतियोगिताकोसमेत आयोजना गरिने पोखरा महानगरपालिका १ खेलकुद विकास समितिले जनाएको छ। यसअघि प्रतियोतिाको उद्घाटन गर्दै पोखरा महानगरपालिका १ का वडाध्यक्ष साहारा प्रधानले खेलकुद स्वस्थ्य जीवनका लागि अपरिहार्य रहेको उल्लेख गरे। उनले खेलकुदमा विभिन्न विधा भएको बताउदै बास्केटबल पनि महत्वपूर्ण खेल भएको धारणा राखे। उनले प्रतियोगिताले वडाभित्रका विद्यालयबीचको आपसी सम्बन्धलाई सुमधुर बनाउने बताउदै खेलाडी उत्पादनमासमेत टेवा पुर्याउने उल्लेख गरे। 'खेल आफैमा महत्वपूर्ण विधा हो। जुन मानव जीवनमा स्वस्थ्यकर जीवनका लागि अपरिहार्य छ, वडाध्यक्ष प्रधानले भने, 'यो एउटा पाटो हो भने अर्को पाटो खेलाडी उत्पादनमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्छ त्यसैले यस्ता प्रतियोगिताहरु निरन्तर भइरहन जरुरी छ।'

उनले आमागी दिनमा पनि खेलकुदसँगै रचनात्मक कार्यक्रमहरुलाई समेत वडाले प्राथमिकताका साथ जोड दिने बताएका थिए।

# पालिकास्तरीय बाल सञ्जाललाई अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ



कास्की जिल्लाको मादी गाउँपालिकामा पालिकास्तरीय बाल सञ्जालका पदाधिकारी केन्द्रित बालअधिकारसम्बन्धीअभिमुखीकरण सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि मादी गाउँपालिकाका अध्यक्ष देवीजङ गुरुङले बालबालिकासँग सम्बन्धित अनेकौ चुनौती रहेतापनि पालिकाले आगामी आर्थिक वर्षको बजेट योजनाको क्रममा रहेकाले बालबालिकाको क्षेत्रमा पनि पर्याप्त बजेट विनियोजन गर्ने बताए। उनले पालिका सदा नमूना बालसंजालको रूपमा पहिचान बनाउन तत्पर रहेकाले बालबालिकासँग सम्बन्धित समस्या तथा आवश्यकताबारे समयमै पालिकामा जानकारी गराउनुसमेत अनुरोध गरे। मादी गाउँपालिकाका उपाध्यक्ष कल्पना गुरुङले संजालका पदाधिकारी र अन्य बालबालिकालाई आफ्नो पहिचान, अनुशासन र इमान्दारितालाई पहिचान गरेर भविष्यको असल नेतृत्वकर्ता बन्न सुझाव दिइन्। मादी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद गौतमले बाल संजालको सफल कार्यकालको शुभकामना दिदैं अधिकारसँगै कर्तव्यको पालनामा जोड दिन सुझाव दिए। यही ज्येष्ठ १५ र १६ गते मादी-३, याङ्जाकोटमा सञ्चालित उक्त अभिमुखीकरणमा राष्ट्रिय बालअधिकार परिषद्, गण्डकी प्रदेशका समन्वय अधिकृत बद्रीप्रसाद वाग्ले भने सहजीकरण गरेका थिए। मादी गाउँपालिकाको आयोजनामा सम्पन्न कार्यक्रममा गुड नेवर्स इन्टरनेसनल नेपाल र नौलो घुम्ती नेपालको साझेदारी रहेको थियो। बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी भन्ने राष्ट्रिय नारालाई आत्मसात गर्दै आयोजना गरिएको कार्यक्रममा पालिकाका १२ वटै वडाका १३ विद्यालयका २६ बालबालिका तथा बालक्लबका संरक्षक शिक्षकको सहभागिता रहेको थियो। बालबालिकासम्बन्धी नियमावली २०७८ को परिच्छेद ०२ बमोजिम गठित १३ सदस्यीय पालिकास्तरीय बाल संजालका पदाधिकारीको काम, कर्तव्य र अधिकारको विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको हो। कार्यक्रममा धनुवास कालिका मा.वि. मादी ७ का बाल संजालका अध्यक्ष रेनिशाकुमारी शाहीले अभिमुखीकरण लाभदायक रहेको बताइन्। कार्यक्रमको सञ्चालन पालिकाका बाल कल्याण अधिकारी कर्णकुमारी गुरुङले गरेकी थिइन्।

# पोखरा बक्सिङ च्याम्पियनसिपको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

पोखरामा शुक्रबार सञ्चालन हुन लागेको 'पोखरा बक्सिङ च्याम्पियनसिप-२०८१'को सम्पूर्ण तयारी पुरा भएको छ।

पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजना तथा कास्की जिल्ला बक्सिङ संघको व्यवस्थापनमा पोखरा रंगशालास्थित बक्सिङ रिङमा हुन लागेको प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भएको आयोजकले जनाएको हो। शुक्रबार पूर्वान्ह ११ बजेदेखि सञ्चालन गरिने प्रतियोगितामा ३० जना महिला तथा पुरुष बक्सरले विभिन्न तौल समूहमा प्रतिस्पर्धा गर्ने छन्। जसमा १२ जना महिला तथा १८ पुरुष गरि ३० जनाको सहभागिता रहने कास्की जिल्ला बक्सिङ संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले जानकारी दिए। पोखरामा पहिलो पटक हुन लागेको भर्सेस फाइटयुक्त राष्ट्रिय च्याम्पियनसिपमा पुरुष तर्फ ५१, ५७, ६०, ६३.५, ६७, ७१, ७५, ८० र ८६ केजी तौल समूहमा प्रतिस्पर्धा हुने छ। भने महिला तर्फ ४८, ५०, ५२, ५७, ७० र ७५ केजी तौलमा प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ।

यता प्रतियोगितामा कास्कीबाटमात्रै ४ जना महिला तथा १२ जना बक्सरहरुले सहभागिता जनाउने श्रेष्ठले जानकारी दिए। प्रतियोगितामा विजेता बक्सरले नगद २० हजार र उपविजेताले नगद १० हजार ,प्रमाणपत्र र पदक प्राप्त गर्ने छन्। त्यस्तै उत्कृष्ट बक्सर महिला तथा पुरुषले जनही ५ हजार रुपैयाँ प्राप्त गर्ने छन्। पोखरामा २०६४ सालपछि हुन लागेको राष्ट्रिय बक्सिङ प्रतियोगिताले यसको क्रेजलाई माथि उठाउन सघाउ पुग्ने प्रदेश बक्सिङ संघ गण्डकीका अध्यक्ष विद्या प्रसाद मर्सानीले बताए। उनका अनुसार राष्ट्रियस्तरको च्याम्पियनसिप पोखरामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता बाहेक १७ वर्षपछि आयोजना हुन लागेको हो। प्रतियोगिता सम्पन्न गर्न १२ लाख रुपैयाँ खर्च लाग्ने अयोजकले अनुमान गरेको छ।

## Phalewas Municipality
## Office of Municipal Executive
Gandaki, Province
Gandaki Province, Nepal

## Invitation for Sealed Quotation

First Date of publication: 2081/02/18

Phalewas Municipality, Parbat invites only electronics bids from Nepalese eligible bidders for the following work.

| Contract No. | Description Of works | Estimate Amount | Bid Security Amount | Bid Document Fee (Non Refundable) |
|---|---|---|---|---|
| PM/W/SQ/ 02/080-81 | Installment of Street Solar Light | 7,00,679.60 | 22,000 | 1,000 |
| PM/G/SQ/ 02/080-81 | Procurement and Supply of Bridge Steel Parts | - | 35,000 | 1,000 |

1. Eligible Bidders may obtain further information and inspect the Bid Documents at the office of Phalewas Municipality , Khanigaun Parbat or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Last Date of Submission of Bid | Date of Opening of Bid | Bank Account for Purchasing of Bid Document | Bank Account for Bid Security |
|---|---|---|---|
| 2081/03/02, 12:00 hrs. | 2081/03/02, 13:00 hrs. | Rastriya Banijya Bank, Phalewas Branch Ga-1-1 (Internal Revenue Account) 3540100301010002 | Rastriya Banijya Bank, Phalewas Branch 3540100303000002 Ga-3, Dharauti Khata |

2. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 with amendment and Public Procurement Regulations-2064 with amendment and other prevailing regulations.

**Chief Administrative Officer**



## दर्ता गरेर उद्योग, व्यापार सञ्चालन गरौं

- गण्डकी प्रदेशभित्र सञ्चालनमा रहेका तर दर्ता नभएका सबै उद्योग, व्यापार व्यवसायहरु प्राईभेट फर्म रजिस्ट्रेशन ऐन २०१४ र औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम यथाशीघ्र सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गर्न सम्बन्धित सबैलाई आह्वान गरिन्छ।

अन्यथा, प्रचलित कानुन बमोजिम कारबाही गरिने व्यहोरा यसै सूचना बमोजिम सूचित गरिन्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश, पोखरा
फोन नं. ०६१-४६७७३२/४६७७३३

## कपालको उपचार
### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ
**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# मुख्यमन्त्रीलाई हटाउन बहुमतको साथ

मधेस प्रदेशमा अल्पमतमा परेका मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत लिनुअघि नै बहुमत सांसदहरूले मुख्मन्त्रीमा दाबी पेस गर्ने तयारी छ। मधेसको सबैभन्दा ठूलो दल नेकपा एमाले र माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री अल्पमतमा परेका छन। जसपा नेपालका विभाजनपछि यादवलाई मुख्यमन्त्री जोगाउन मुस्किल छामधेस प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता जनमत र लोसपाले पहिल्यै गरिसकेकाले केन्द्रीय सत्ता गठबन्धनमा रहेका दलहरूले निर्णय पछि झन कठिन बनेको छ।

नेकपा (एमाले) मधेस प्रदेश संसदीय दलका नेता सरोज यादवले पाँच दलबीच जनमत पार्टीलाई मुख्यमन्त्री दिने सहमति भएको छाकेन्द्रीय गठबन्धनमा रहेका नेकपा (एमाले), नेकपा (माओवादी), जनमत, एकीकृत समाजवादीले जनमतको नेतृत्वमा सरकार बनाउने तयारी गरेका छन। यो गठबन्धनमा केन्द्रमा प्रतिपक्षमा रहेको दल लोसपा नेपाल पनि सहभागी हुने सन्देश पठाएका छन। "मुख्यमन्त्रीले विश्वासको मत लिनुअघि हामी हस्ताक्षर बुझाउन प्रदेश प्रमुखकोमा जाने तयारी गरेका छन्।

१०७ संसदीय मधेस प्रदेशसभाबाट सरकार बनाउन ५४ सांसद आवश्यक पर्छ। एमाले, माओवादी, जनमत र लोसपा मिल्दा पनि आवश्यक बहुमत ५४ पुग्छ। राप्रपा, नागरिक उन्मुक्ति र संघीय समाजवादी पार्टीसँग १-१ सिट छ। तीमध्ये नागरिक उन्मुक्ति र संघीय समाजवादीलाई पनि मिलाउने तयारी रहेको छ। जनमत पार्टीका केन्द्रीय प्रवक्ता डा. शरदसिंह यादवले पनि दलहरूबीच सहमति भएको र भोलि दाबीसहित प्रदेश प्रमुखकोमा जाने तयारी भएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | शुभ यात्रा | तुला | मानसिक तनाब |
| वृष | स्वास्थ्यमा सुधार | वृश्चिक | शारीरिक झमेला |
| मिथुन | सहयोग मिल्नेछ | धनु | ब्यापारमा लाभ |
| कर्कट | अप्रत्यसित लाभ | मकर | शत्रुको भय |
| सिंह | सत्कार मिल्नेछ | कुम्भ | झमेला बढ्ने |
| कन्या | आर्थिक समस्या | मीन | कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २५ हेम्जा, राधाकृष्ण टोलमा विष्णुपादुका खेल मैदान स्मार्ट शौचालय निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : विष्णुपादुका खेल मैदान स्मार्ट शौचालय निर्माण

उपभोक्ता समितिको नाम: विष्णुपादुका खेल मैदान स्मार्ट शौचालय निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की

योजना सम्झौता मिति : २०८०/११/१६ गते

योजना सुरु मिति : २०८०/११/१७ गते

योजना सम्पन्न मिति : २०८१/०२/०१ गते

महानगरपालिका बाट प्राप्त : ५,००,०००/-

जनसहभागिता : ८८,५००/-

योजनाको कुल लागत : ५,८८,५००/-

समिति संख्या : ९ जना

महिला सदस्य : २ जना

**दान बहादुर थापा**
अध्यक्ष
**विष्णुपादुका खेल मैदान स्मार्ट शौचालय निर्माण उपभोक्ता समिति**
पोखरा-२५, कास्की

# बुद्ध विशाल बजारका व्यवसायीलाई स्वास्थ्य परीक्षणमा ३५ प्रतिशत छुट

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

बुद्ध विशाल बजार व्यापारिक एशोसियसन पोखरा ४ महेन्द्रपुलमा आवद्ध सदस्यलाई पोखरा न्युरोडमा रहेको एन.आर.एलमा विशेष छुट दिइने भएको छ।

पोखराको न्युरोडमा रहेको एन.आर.एलमा हुने कुनैपनि किसिमको ल्याब सम्बन्धि चेकजांचमा एशोसियसनमा आवद्ध सदस्यहरुलाई ३५ प्रतिशत छुट दिइने भएको हो। बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका उपाध्यक्ष वुद्धि वहादुर कुँवर र एन.आर.एल पोखराकी मार्केटिङ मेनेजर समिता आचार्य विच सम्झौता पत्रमा हस्ताक्षर गरी उक्त कार्यको सुरुवात गरिएको हो। सो अवसरमा वोल्दै बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष ईन्द्रराज अर्यालले एन.आर.एल संगको सहकार्यले विशाल बजारका व्यवसायी साथीहरूलाई बाहिर गर्नुपर्ने महंगा जाँच र नियमित स्वास्थ्य परीक्षणमा सहज हुने बताए। बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका उपाध्यक्ष वुद्धि वहादुर कुँवरले एन.आर.एल संगको सहकार्यले विशाल बजारका व्यवसायी साथीहरूलाई स्वास्थ्य परिक्षणमा थोरै भए पनि राहत पुग्ने भएकोले एशोसियसनले पहल गरेको बताए। एन आर एलकी मार्केटिङ मेनेजर समिता आचार्यले बुद्ध विशाल बजार व्यापारिक एशोसियसनमा आवद्ध सदस्यहरुले यो सम्झौताबाट कुनैपनि ल्याव सम्बन्धि चेक जांचमा ३५ प्रतिशत छुट पाउने वताईन्। एन आर एलमा हाल रगत, दिसा, पिसाव, खकार, विर्य, मधुमेह, थाइराइड, मृगौला, कलेजो, वोसोको मात्रा, हर्मन, इन्जाइन, भिटामिन, लगायत सम्पूर्ण शरिरको तत्वहरुको परिक्षण गराउदै आइरहेको समेत मार्केटिङ मेनेजर आचार्यले बताईन्। बुद्ध विशाल बजार व्यापारिक एशोसियसनमा हाल १ सय ८० सदस्य आवद्ध रहेका छन्।

# भानुभक्त जन्मस्थल विकास समितिको स्वामित्व ग्रहणको समस्याले अन्योल

**रासस**
दमौली, १७ जेठ

नेपाली भाषाका धरोहर आदिकवि भानुभक्त आचार्यको नाममा गठित आदिकवि भानुभक्त जन्मस्थल विकास समितिको स्वामित्वमा समस्या देखिँदा अन्योल भएको छ।

भानु नगरपालिका-४ चुँदीरम्घामा अवस्थित विकास समिति संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहत रहेकामा सरकारले उक्त समिति नगरपालिका मातहत रहने निर्णय गरेको र नगरपालिकाले पत्र लेखी समितिलाई सङ्घीय सरकार मातहतमै राख्न अनुरोधसहितको पत्र पठाएपछि यसको स्वामित्वमा अन्योलता देखिएको हो। नेपाल सरकारले विसं २०५२ मा गठन गरेको भानुभक्त जन्मस्थल विकास समिति खारेज गरी स्थानीय तह मातहत रहने निर्णय गरे पनि नगरपालिकाले समेत यसको स्वामित्व लिइसकेको अवस्था नरहेको समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले जानकारी दिनुभयो। भएको समिति खारेज भएपछि भानु जन्मस्थलको विकास, संरक्षण र संवर्द्धनमा समस्या हुने रानाभाटको भनाइ छ। उहाँले भन्नुभयो, "सरकारले बजेट भाषणमार्फत भानुमा सप्तधामसहितको साहित्यिक उद्यान निर्माण गर्ने भनेर उल्लेख गरेको छ, तर समितिको स्वामित्व कसले लिने भन्ने अन्योल कायमै छ।" मुलुक सङ्घीयता गएपश्चात सरकारले समितिलाई नगरपालिका मातहत रहनेगरी निर्णय गरे पनि पछि विसं २०७७ मा पुनः समिति सङ्घीय सरकार मातहत नै रहने निर्णय गरिएको थियो। हाल पुनः समिति खारेज गरी नगरपालिका मातहत रहने निर्णय भएको रानाभाटको भनाइ छ। उहाँले भन्नुभयो, "तर नगरपालिकाको कार्यपालिका बैठकले नेपाली भाषाका रचयिता, भाषिक एकीकरण गर्ने राष्ट्रिय विभूतिको नाममा गठित समितिलाई सङ्घीय सरकारले नै सञ्चालन गर्नुपर्छ भनी अनुरोध पत्र पठाएको छ।"

पछिल्लो पत्रबारेमा केही निर्णय नआएकाले समिति कुन सरकारले हेर्ने भन्ने अन्योल भएको रानाभाटको भनाइ छ। यस विषयमा राष्ट्रपति, तनहुँबाट संसद्मा प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा र राष्ट्रियसभा सदस्यको पनि ध्यानाकर्षण गराइएको रानाभाटले बताउनुभयो। नगरपालिकाले विकास समितिलाई सङ्घीय सरकार मातहत राख्न माग गरेको नगरप्रमुख आनन्दराज त्रिपाठीले बताउनुभयो। नेपालीहरूको भाषिक एकताको प्रतीक राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको जन्मस्थल विकास समितिलाई नेपाल सरकारले नै स्वमित्व ग्रहण गरी सञ्चालन गर्दा बृहत्तर हित देखिने त्रिपाठीको भनाइ छ। नेपाल सरकार मन्त्रिपरिषद्को गत माघ २५ गतेको निर्णयअनुसार आदिकवि भानुभक्त जन्मस्थल विकास समिति गठन आदेश २०७७ खारेज गरी उक्त आदेशबमोजिम खारेजीमा परेको संस्थाको सम्पत्ति, दायित्व, काम गर्न बाँकी रहेका परियोजना तथा कार्यरत जनशक्तिलाई नगरपालिकाले अविलम्ब स्वमित्व ग्रहण गर्ने निर्णय गरेको थियो। उक्त निर्णयले भानुजन्मस्थल क्षेत्रको महत्व सङ्कुचन हुने भएकाले सो क्षेत्रलाई बृहत्तर सोचका साथ विकास गर्नुपर्ने त्रिपाठीको भनाइ छ। उहाँले भन्नुभयो, "विकास समिति ऐन, २०१३ बमोजिम गठन र सञ्चालन गर्न सङ्घीय सरकारलाई अनुरोध गरेका छौँ।"भानु जन्मस्थल तथा भानु साहित्य उद्यानको विकासका लागि चालु आर्थिक वर्षमा रु पाँच करोड विनियोजन भएको र सोहीअनुसार गुरुयोजना तयार भई कार्यान्वयनको चरणमा गएको अवस्थामा विकास समिति नै स्थानीय तह मातहत ल्याइँदा उक्त योजना अलपत्र पर्न सक्ने उहाँको भनाइ छ।

## नाम परिवर्तन सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०२/१५ गते

कम्पनी ऐन २०६३ बमोजिम दर्ता नं. १७०२००/०७३/०७४ मा स्थापना भएको साविक आकाश डिजिटल पेमेन्ट प्रा.लि. रहेकोमा कम्पनी रजिष्टारको कार्यालयको मिति २०८०/११/२४ को प.सं. ८०/८१ च.नं. ५९७३१ को पत्रबाट स्वीकृत प्रदान भए अनुसार साविकमा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायीत्व सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन भई आकाश डिजिटल प्रा.लि. कायम भएको हुँदा सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

# ऐनापहरामा 'एक कर्मचारी, एक फूलको बिरुवा' रोप्ने अभियान

**पोखरापत्र संवाददाता**
दमौली, १७ जेठ

जिल्लाको आँबुखैरेनी गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तव्यस्थल ऐनापहरामा गाउँपालिकाअन्तर्गतका कर्मचारीको व्यक्तिगत खर्चमा फूलको बिरुवा रोपिने भएको छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माको अध्यक्षतामा बुधबार बसेको कर्मचारीको बैठकले ऐनापहरालाई सुन्दर बनाउन एक कर्मचारी एक फूलको बिरुवा रोप्ने निर्णय भएको हो। ऐनापहरा आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्यस्थलका रुपमा विकास भइरहेकाले यसको सौन्दर्यता कायम गर्न कर्मचारीको व्यक्तिगत खर्चमा गमलासहितको फूलको बिरुवा रोप्ने निर्णय भएको शर्माले जानकारी दिनुभयो। त्यसका लागि गाउँपालिकाका कर्मचारीको सहभागितामा ऐनापहरामा सरसफाइ कार्यक्रम आयोजना गरिएको छ। पृथ्वीराजमार्गको आँबुखैरेनी गाउँपालिका-२ मा अवस्थित उक्त ठाउँ पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास भइरहेको छ। राजमार्गको नजिकै रहेको उक्त ठाउँ पर्यटकीयस्थलको रुपमा विकास भएपछि यस ठाउँलाई थप सुन्दर र आकर्षक बनाउन उद्यान निर्माणको काम जारी छ। गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले ऐनापहरालाई गण्डकी प्रदेशकै पर्यटकीय गन्तव्यस्थल बनाउने अभियानमा लागिएको बताउनुभयो। चुमानका अनुसार गाउँपालिकाले यहाँ रहेका ढुङ्गामा आकृति खोपेपछि यस ठाउँमा घुम्न आउनेको सङ्ख्या बढेको छ। यहाँ दैनिक दुई सयभन्दा बढी पर्यटक घुम्नका लागि आउने गरेका छन्। पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित ऐनापहरामा उद्यान निर्माण थालिएको छ। उद्यान निर्माणका लागि चालु आर्थिक वर्षमा रु एक करोड ४० लाख बजेट विनियोजन गरिएको छ।

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्था व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की, पोखरा**

## मालपोत कार्यालय कास्की, पोखराबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित सूचना २०८१/०२/१६**

कास्की जिल्ला मौजे काहुँ कुंडहर आर्वा २/३ नं. का जि.मु लक्ष्मी नारन को गिरिधारी जिम्मा भुत्ता १९९१ सालमा मोठ नं. ७५ द्र.नं. ५. डण्डपाणी पाध्याका नाउँमा विजमाना।।। ३ लागि दर्ता भएको राजीनामा बाट हाम्रा बाजे मनविर सुनारको हक भै तिरो तिरी भोगचलन गरिआएको सर्भे नापी हुँदा आर्वा वडा नं. ७ कि.नं. ३०१ क्षे.फ. २-६-०-१ मनविर सुनारको नाउँमा कि.का भएको भू.सु. ७ नं. फाराम वाजे मनविर सुनार बाट लगत दिएको तिरो रु.।९।३ लागेको पाखो जग्गा मनविर सुनारको मिति २०३५।०४।०५ मा मृत्यु भएको निजको एकमात्र श्रीमती हाम्रो हजुरआमा टुल्की सुनारको मिति २०३३।०७।१५ मा मृत्यु भएको हाम्रा बाबु खेम बहादुर सुनारको मिति २०४३।०६।०४ मा र निजको एकमात्र श्रीमती सुमित्रा सुनारको मिति २०५४।०४।२७ मा मृत्यु भएकोले हामी हकदार ४ भाइ छोराहरु विर बहादुर सुनार, तेज बहादुर सुनार, शिव बहादुर सुनार, प्रेम बहादुर सुनारको छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी संयुक्त माग निवेदन भएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारबाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

**तपशिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | फिल्डबुकको नाम |
|---|---|---|---|---|---|---|
| कास्की | आर्वा विजय | ७ | ३०१ | २-६-०-१ | मकै | मनविर सुनार |

ईति संवत २०८१ साल जेष्ठ १६ गते रोज ४ शुभम्।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



जन्मः २000/१२/0५ गते

स्वर्गारोहणः २0८१/0२/0६ गते

**स्व. रमादेवी तण्डुकार**

हाम्रा मित्र, भाइ यस रामबजार मर्निङ्ग टि ग्रुपका सदस्य श्रीअर्जुन तण्डुकार एवम् विश्व तण्डुकार, बलराम तण्डुकारकी ममतममयी आमा **रमादेवी तण्डुकार**को ८१ औँ वर्षाको उमेरमा असामयीक स्वर्गारोहण हुनु भएकोमा हामी मर्निङ्ग टि ग्रुपका सदस्यहरु अत्यन्त मर्माहित भएका छौँ। यस दुःखद घडीको आज १३औँ दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून भनि हार्दिक समवेदना प्रकट गर्दछौँ।

| | |
|---|---|
| हेम बहादुर गुरुङ | खेम बहादुर गुरुङ |
| पि.एल महर्जन | क्या. थमन सिंह थापा |
| महेस गुरुङ | गो.पि. विश्वकर्मा |
| जितेन्द्र जंग राणा | जयन्द्र कुमार राजभण्डारी |
| कमल गुरुङ | श्रीजंङ्ग गुरुङ |
| दुधराज गुरुङ | |

**मर्निङ्ग टि ग्रुप**

# गणेशमान फाउण्डेसनले सम्मान गर्ने

पोखरापत्र संवाददाता
पोखरा, १७ जेठ

गणेशमान सिंह फाउण्डेसन गण्डकी प्रदेशले गणतन्त्र दिवसको अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलमा योद्धाहरुलाई पोखरा मा सम्मान गर्ने भएको छ।

यसरी सम्मानित हुनेहरूमा कास्कीका पुलेन्द्रमान श्रेष्ठ, मनाङका कोमलबहादुर घले, बागलुङका गोविन्दप्रसाद शर्मा कंडेल, स्याङ्जाका तारापति सुवेदी र तनहुका लेखबहादुर थापा भएको समितिका अध्यक्ष दुर्गाप्रसाद तिमिल्सिनाले जानकारी दिनुभएको छ। अध्यक्ष तिमिल्सिनाका अनुसार यही जेष्ठ १९ गते बिहान ११ बजे होटल दिपसागरमा हुने कार्यक्रममा प्रमुख अतिथि पूर्व सभामुख दमननाथ ढुंगाना रहनु भएको छ।

# पर्वतका विद्यार्थीले बनाएको ड्रोनको सफल परीक्षण

पोखरापत्र संवाददाता
पर्वत, १७ जेठ

यहाँको एक विद्यालयका छ जना विद्यार्थीले ड्रोन बनाएका छन् । सदरमुकाम कुश्माबजार स्थित नमूना आवासीय माविका छ जना विद्यार्थीले ड्रोन बनाएर आकाशमा उडाउन सफल भएका हुन् ।

नमूना आवासीय मावि कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूले साढे दुई महिनाको अवधि लगाएर अत्याधुनिक प्रविधिको ड्रोन बनाएर बुधवार सफल परीक्षण गरेका हुन् । कक्षा १० मा अध्ययरत उत्सभ गिरी, विज्ञान पौडेल, सुजन सुवेदी, चिन्तन सुवेदी, निश्चल साही र सविन आरडीले ड्रोन बनाएका हुन् । क्यामेरा जडान गर्न सकिने उक्त ड्रोन पाँच सय मिटर वरिपरी उडाउन सकिने क्षमताको रहेको छ । कतिपय स्थानीय स्तरमा र कतिपय पोखरा, काठमाडौं, बुटवल र भारतबाट समेत सामग्री जुटाएर ड्रोन निर्माण गरिएको विद्यार्थी उत्सभ गिरीले जानकारी दिनुभयो । विज्ञान विषयमा सिकेको ज्ञान तथा युटुब, विभिन्न बेवसाइट, शिक्षक तथा विभिन्न प्रदर्शनीमा देखेका आधारमा ड्रोन तयार पारिएको गिरीले बताउनुभयो ।

ड्रोनमा क्यामेरा जडान गरेर फोटो तथा भिडियो खिच्न सकिन्छ भने यसलाई परिमार्जन गरेर सामान बोक्नका लागि प्रयोगसमेत गर्न सकिने अर्का विद्यार्थी विज्ञान पौडेलले बताउनुभयो । उहाँका अनुसार यसका लागि आवश्यक सामाग्री स्थानीय स्तरमा नपाइने भएकाले लामो समय लागेको हो । गत माघ अन्तिमदेखि ड्रोन निर्माण शुरु गरिएको भए पनि आवश्यक उपकरण समयमै उपलव्ध नभएकाले वैशाख अन्तिम सातामात्र उनीहरूले पूर्णता दिएका हुन् ।

ड्रोन निर्माणका लागि आफ्नो सिप र परिश्रम बाहेक रु ५१ हजार सात सय ५० खर्च लागेको ड्रोन निर्माणकर्ता विद्यार्थी सुजन सुवेदीले बताउनुभयो । फ्रेम, पंखा, इन्जिन, ब्याट्री, मोटर, फ्लाइट कन्ट्रोलर, ट्रान्समिटर, एसी लगायतका उपकरण प्रयोग गरिएको उहाँले बताउनुभयो ।

विद्यालयको नियमित पठनपाठनको अतिरिक्त समय व्यवस्थापन गरेर ड्रोन तयार गरिएको हो । दोस्रो प्रयासमा ड्रोन तयार भएको सुवेदीले बताउनुभयो । उहाँहरूले यस अघि रोवर्ट पनि बनाएको थियो । प्रधानाध्यापक इन्द्रमान खत्रीले विद्यार्थीले अतिरिक्त क्रियाकलापका रूपमा प्रविधितर्फ आकर्षण भएको बताउनुभयो । उहाँले प्रविधिको हिसाबमा विश्वले नै फड्को मारेका बेला आफ्ना विद्यालयका विद्यार्थीले पनि यान्त्रिक उपकरण बनाएर सफल परीक्षण गरेको बताउनुभयो । उहाँले विद्यार्थीहरूलाई विद्यालयले पनि आवश्यक साथ, सल्लाह र हौसला प्रदान गरेको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यामप्रसाद शर्माले विभिन्न शैक्षिक प्रदर्शनीमा जाँदा अन्य क्षेत्रका विद्यार्थीले गरेका विभिन्न आविस्कारका वस्तु देखेपछि आफ्नो विद्यालयका विद्यार्थीले पनि ड्रोन निर्माण गरेको बताउनुभयो । ड्रोन बनाएर उडाएका विद्यार्थीले अब सामान बोक्न मिल्ने ड्रोन बनाउने तयारी गरेका छन् । त्यसका लागि आवश्यक सामग्री जुटाउन थालेको बताएका छन् । ती विद्यार्थीले नै उच्च शिक्षामा इलेक्ट्रोनिक इन्जिनियर बन्ने योजनासमेत बनाएका छन् ।


## पर्यटन तथा उद्योग कार्यालय पुतलीबजार, स्याङ्जाद्वारा प्रस्तावित सतौंकोट-खर्सु-थाप्ले-सिरुबारी-ड्हरे देउरालीसम्मको क्षेत्रमा विभिन्न पर्यटकीय पूर्वाधार निर्माण कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीका लागि सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०२/ १८)**

**पर्यटन तथा उद्योग कार्यालय पुतलीबजार, स्याङ्जाद्वारा गण्डकी प्रदेश, स्याङ्जा जिल्लाको आँधिखोला गाउँपालिका वडा नं. ०१, पुतलीबजार नगरपालिका वडा नं. १४ र अर्जुनचौपारी गाउँपालिका वडा नं. ०५ र पर्वत जिल्लाको फलेवास नगरपालिका वडा नं. १ मा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।**

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | पर्यटन तथा उद्योग कार्यालय, पुतलीबजार, स्याङ्जा |
| प्रस्तावको व्यहोरा | सतौंकोट-खर्सु-थाप्ले-सिरुबारी-डहरेसम्मको क्षेत्रमा विभिन्न किसिमका पर्यटकीय पूर्वाधार निर्माण तथा संचालन कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका | स्याङ्जा जिल्लाको आँधिखोला गाउँपालिका, वडा नं. ०१, पुतलीबजार नगरपालिका, वडा नं. १४ र अर्जुनचौपारी गाउँपालिका, वडा नं. ०५ र पर्वत जिल्लाको फलेवास नगरपालिका वडा न १ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

### राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः

१. श्री पर्यटन तथा उद्योग कार्यालय, पुतलीबजार, स्याङ्जा
२. श्री आँधिखोला गाउँपालिका वडा नं. ०१ को कार्यालय
३. श्री पुतलीबजार नगरपालिका वडा नं. १४ को कार्यालय
४. श्री अर्जुनचौपारी गाउँपालिका वडा नं. ०५ को कार्यालय
५. फलेवास नगरपालिका वडा नं. ०१ को कार्यालय
६. श्री ग्रिनविच ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा. लि., बानेश्वर, काठमाण्डौ, ९८४६४०४११८



नेपाल सरकार
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्था व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की, पोखरा**

## मालपोत कार्यालय कास्की, पोखराबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित सूचना २०८१/०२/१६**

कास्की जिल्ला मौजे आर्वा ३ नं. का जि.मु. लक्ष्मी नारायणको गिरिधारी जिम्मा भुत्ता १९९० हालमा मोठ नं. ७०० मोही नं. २५८ कित्ता नं. ७०१ को मा.मु. ।३।१०। मध्ये मा.मु. ।१।१ को तिरो रु. ।१५ पैसा लागेको भू.सु. ७ नं. फाराम क्र.स. ४ मा मेरा बाजे लोकनाथका नाउँबाट लगत दिएको सर्भे नापीमा आर्वा वडा नं. ३ कित्ता नं. ३१६ क्षे.फ. ०-४-१-२ को खेत कित्ता १ ऐ. सालमा ऐ. जिम्मा भुत्ता मोठ नं. ७१८ मोही नं. २५८ कि.नं. ७९६ वसन्त पाध्याको १६ मध्ये मा.मु. ।४।५ बाजे लोकनाथ अंश भागमा परि मा.मु. ।१।३ मेरा बाबु उमनाथको अंश भाग भू.सु. ७ नं. फाराम क्र.स. ५ मा ऐ. का नाउँवाट लगत दिएको तिरो रु. ।१५ पैसा लागेको खेत कित्ता -१ सर्भे नापीमा आर्वा वडा नं. २ कि.नं. ५७५ क्षे.फ. ०-७-०-१ को बाबु उमनाथका नाउँमा कि.का. भएको, १९९१ सालका पाखा जाँचमा आर्वा मोजा का जि.मु. ३।१८ का जि.मु. लक्ष्मी नारायण को गिरिधारी जिम्मा भुता मोठ नं. १८० द्र.नं. ६२ मेरा बाजे लोकनाथका नाउँमा विज ॥१ लागि दर्ता भएको अंशबाट मेरो बाबु उमानाथ बरालको भागमा विजमुठी ।।।। १ को तिरो रु.।१ पैसा लागेको भू.सु. ७ नं. फाराम क्र.स. १६ मा बाजे लोकनाथ बराल बाट लगत दिएको जग्गा सर्भे नापीमा आर्वाविजय-७ कि.नं. ८६. को क्षे.फ. ०-५-०-१ र किता नं. १६० क्षेत्रफल ०-४-२-३ मेरो बाबु उमनाथको नाउँमा कित्ताकाट भएको जम्मा ४ कित्ता जग्गा मेरो बाबु उमनाथ बरालको मिति २०७७।०६।०३ मा मृत्यु भाएको र निजको एकमात्र श्रीमती मेरी आमा विष्णुमाया बरालको मिति २०७७।१२।२८ मा मृत्यु भएकोले म हकदार एकमात्र छोरा भएकोले मेरो नाउँमा छुटजग्गा दर्ता नामसारी गरीपाउँ भनी साविक आर्वाविजय- ६ हाल पोखरा १३ कास्की बस्ने षडानन्द बरालको नाउँमा मात्र एकलौटी रुपमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी माग निवेदन भएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | फिल्डबुकको नाम |
|---|---|---|---|---|---|---|
| कास्की | आर्वा | ७ | ८६ | ०-५-०-१ | मकै | उमानाथ बराल |
| कास्की | आर्वा | ७ | १६० | ०-४-२-३ | मकै | |
| कास्की | आर्वा | ३ | ३१६ | ०-४-१-२ | धान | |
| कास्की | आर्वा | २ | ५७५ | ०-७-०-७ | धान | |

ईति संवत २०८१ साल जेष्ठ १६ गते रोज ४ शुभम् ।



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः २०००/१२/०५ गते

स्व. रमादेवी तण्डुकार

स्वर्गारोहणः २०८१/०२/०६ गते

**यस भ्याली स्पोर्टस क्लब पोखरा-१०, कास्कीका कार्यसमिति कोषाध्यक्ष विश्व तन्डुकार, समाजसेवी अर्जुन तन्डुकार र क्लबका शुभचिन्तक बलराम तन्डुकारकी ममतामयी माता रमादेवी तण्डुकारको ८१ वर्षको उमेरमा स्वर्गारोहण हुनु भएकोले हामी मर्माहत एवम् स्तब्ध भएका छौं । यस दुःखद घडीको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र बैकुण्ठबासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।**

Valley Sports Club Pokhara-10 Rambazar

**शम्भर बहादुर श्रेष्ठ**
**अध्यक्ष**
**भ्याली स्पोर्टस् क्लब परिवार पोखरा**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः २०००/१२/०५ गते

स्व. रमादेवी तण्डुकार

स्वर्गारोहणः २०८१/०२/०६ गते

**यस रामबजार तायाः मचाः नाच समिति रामबजार १०/१५ पोखराका सचिव विश्व तण्डुकार, समितिका सदस्य अर्जुन तण्डुकार, बलराम तण्डुकार, समिता रंजीत र सरिता ताम्राकारकी ममतामयी माता कल्पना तण्डुकार, सुष्मा तण्डुकार र डीमा तण्डुकारका सासुआमा रमादेवी तण्डुकार को ८१ वर्षको उमेरमा स्वर्गारोहण हुनु भएकोले हामी रामबजारवासी अति मर्माहत भएका छौं । यस दुःखद घडीको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**नारायण श्रेष्ठ**
**कार्यबाहक अध्यक्ष एवं**
**रामबजार तायाः मचाः नाच समिति**
**रामबजार १०/१५ परिवार पोखरा**